# स्वामीकार्तिक खापर गाउँपालिकाको

# आ.व. २०७७/७८ को

# बजेट तथा कार्यक्रम

**स्वामीकार्तिक खापर गाउँपालिका**

**सुइजिउला वाई, बाजुरा**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**मिति २०७७ असार १०**

# स्वामीकार्तिक खापर गाउँपालिकाको आ.व.२०७७०७८ को बजेट तथा कार्यक्रम

**अध्यक्ष महोदय,**

स्वामीकार्तिक खापर गाउँपालिकाको आगामी आर्थिक बर्ष २०७७/०७८ को बजेट वक्तव्य प्रस्तुत गरिरहदा नेपालको राजनैतिक परिर्वतनका महत्वपुर्ण आन्दोलनमा आफ्नो ज्यान उत्सर्ग गर्नुहुने सम्पुर्ण सहिद प्रति भावपुर्ण श्रद्धान्जली अपर्ण गर्न चाहान्छु ।

विश्वमा महामारीका रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९)ले गर्दा देश विदेशमा रहि ज्यान गुमाउनु हुने सम्पुर्ण नागरिक प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहान्छु । हाल विरामी भई उपचारका क्रममा रहनु भएका सम्पुर्ण नागरिकको यथा सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै हाम्रो गाउँपालिकामा यस महामारी न्यूनीकरण गर्न अषक प्रकाश गर्नु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, राजनैतिक दल, सम्पुर्ण नागरिक र जनप्रतिनिधि प्रति आभार व्यक्त गर्दछु ।

कोरोना भाइरस (कोभिड १९) का कारणले गर्दा हाम्रो गाउँपालिकाको समग्र विकास प्रक्रियालाई पनि अवरोध गरिरहेको यस घडीमा अब हाम्रो गाउँपालिकाको समग्र विकाशलाई अघि बढाउन अत्यन्तै चुनौती रहेता पनि सम्पुर्ण पक्षको महत्वपुर्ण सहयोगबाट अगाडी वढाउन सकिनेछ भन्ने विश्वास लिएको छु ।

नेपालको सार्वभौम सत्ताको रक्षा गर्दै शताब्धियौं देखि मिचिएको नेपालको भू-भागलाई समेटर नेपालको नक्सा जारी गरेकोमा संघीय सरकार र संघीय संसदलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

गाउँपालिकाको आगामी आ.व. २०७७/०७८ को बेजट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, गाउँपालिकाले बनाएका ऐन, कानुन, कार्यविधि, निर्देशिका, विनियोजन ऐन २०७७ र गाउँपालिकाले लिएको दिगो विकासको लक्ष्यलाई आधार मानी त्यस अनुरुपको बजेट निर्माण गरको छु ।

**अध्यक्ष महोदय**,

आगामी बर्षको बजेट विनियोजन गर्दा कोरोना भाइरस (कोभिड १९) को महामारीले प्रभाव पारेको समग्र विकासलाई माथि उठाउने लक्ष्यका साथ बजेट तयार गरको छु ।

**अध्यक्ष महोदय,**

अब म आ.व. २०७७/०७८ को बजेट यस सभामा प्रस्तुत गरिरहदा गत आ.व. २०७६/०७७ को यर्थाथ आर्थिक विवरण पेश गर्ने अनुमति चाहान्छु ।

आ.व. २०७६।०७७ ले लिएको नीति तथा कार्यक्रम र बजेटले निर्धारण गरेका सम्पुर्ण पक्षलाई विभिन्न कारणले पुर्ण गर्न सकिएन । हाम्रो विकाशका कार्यक्रम विशेष गरी फाल्गुन चैत देखि संचालन हुने गर्दछन तर यसै बिच बन्दा बन्दीको प्रभावका कारणले अगाडी बढाउन सकेनौं त्यसैले पहिले देखि

संचालन भएका कतिपए विकाशका कामहरु पुर्णता पाउन सकेनन् भने सुरुवात गर्नुपर्ने विकाशका काम पनि ढिलो संचालन गर्नुपर्ने बाध्यता भयो । करिब ३ महिना जति हामीले देश र बिदेशबाट आएका नागरिकको व्यवस्थापनमा नै समय खर्चिनु पऱ्यो तर पछिल्लो समयमा अवरोध भएका विकास निर्माणका कामले गति लिएको छ । तर दुःखका साथ भन्नु पर्छ शिक्षा क्षेत्र भने पूर्ण रुपले अस्त व्यस्त भएको छ । विद्यालय संचालन गर्ने कति समय लाग्ने हो यकिन गर्न गाह्रो परेको छ अहिले हामीले प्रत्येक विद्यार्थीलाई शैक्षिक सामाग्री पुऱ्याउने व्यवस्था भइरहेको छ तर पनि दुर शिक्षा संचालनको सोच बनाई रहेको जानकारी गराउन चाहान्छु ।

**अध्यक्ष महोदय,**

यस आर्थिक बर्षको तेस्रो चौमासिकको शुरुदेखि नै कोरोना भाइरसको संक्रमण रोगथामका लागि संघीय सरकारको नीति अनुरुप हेल्थ डेक्स संचालन, क्वारेन्टाइन संचालन र निर्माण गर्ने काम देखि विपन्न नागरिकालाई राहत वितरण र बाहिरी जिल्लामा रहेका विद्यार्थी, श्रमिक र बिरामीलाई आर्थिक सहायता वितरण गर्ने कार्य अघि बढायौं र गाउँपालिकामा खाद्य संकट हुन नदिन खाद्य सामाग्रीको व्यवस्थापन गर्ने देखि भाडा गाउँपालिकाले नै भाडा व्यहोर्ने काम गरियो र बिदेशबाट आएका नागरिकलाई सदरमुकाम देखि गाउँपालिका सम्म ल्याउन भाडाको व्यवस्था पनि गरियो ।

हामीसंग प्रयाप्त रकम नभएता पनि विभिन्न योजनाबाट रकम कटौटी गरी कोरोना रोकथाममा रकम विनियोजन गर्ने र गाउँपालिका नागरिकको जीवन रक्षा गर्नु पहिलो कर्तव्य अनुरुप यस कार्यलाई अगाडी बढायौं ।

**अध्यक्ष महोदय,**

अब म कारोना रोकथाममा लगानी भएको रकमको पुर्ण जानकारी गराउन अनुमति चाहान्छु ।

कारोना व्यवस्थापनमा जम्मा खर्च : १ करोड १० लाख ३५ हजार १ सय ७४ रुपैया खर्च भएको छ । जस मध्ये वडाहरुमा खाद्यान राहात वितरणमा १७ लाख २३ हजार ४ सय, जिल्ला बाहिर रहेका विद्यार्थी, श्रमिक, बिरामी का लागि २९ लाख ३७ हजार ५ सय, भारत लगायत जिल्ला बाहिर बाट आएका व्यक्तिहरुलाई गाडी भाडा खर्च ८ लाख , क्वारेन्टाइन निर्माण खर्च १२ लाख १२ हजार ९ सय २४, क्वारेन्टाइन व्यवस्थापन खर्च १४ लाख ४६ हजार ६ सय ३७, क्वारेन्टाइन खाना खर्च २९ लाख १४ हजार ७ सय १३ भएको जानकारी गराउँछु ।

**अध्यक्ष महोदय,**

- आ.व. २०७६/०७७ को प्राथमिकतामा परेका ठुला योजनाहरु मध्ये वाई लिप्ट सिँचाई आयोजनालाई सुचारु गर्न नसकिएता पनि आ.व. २०७७/०७८ मा प्रदेश सरकारले रकम विनियोजन गरि सकेकोले यसै बर्ष भित्र सम्पन्न गरिनेछ ।
- त्यसै गरि कर्णाली फेरी निर्माण, ढिकुरी लघु जल विद्युत र खाली खोला लघु जल विद्युतलाई यस बर्ष भित्र सम्पन्न गरिनेछ ।

- गाउँपालिकाका दुई वटा वडा कार्यालय मध्ये वडा नं. ५ को वडा कार्यालय सम्पन्न भएको र वडा नं. ३ को वडा कार्यालय निर्माणाधिन क्रममा रहेको छ ।
- ठुला सडक खण्ड मध्ये बर्कु सडक खण्ड निर्माण भई सकेको र संगै जोडिएको साप्पाटा सडक खण्ड निर्माणाधिन अवस्थामा रहेको र गाउँपालिकाको केन्द्र देखि साप्पाटा सडक खण्ड सम्म विविध कारणले निर्माण कार्य रोकिएको हुदा त्यो भन्दा अगाडीको सडक खण्डको काम गर्न नसकिने हुदा जिजुवा हुदै रुडी सडक खण्ड को काम पुर्ण भएको छ । साथै भैथान देखि घट्टेपाटा जोरु सडक खण्ड निर्माण अगाडी बढ्न सकेको छैन यसको निर्माण छिट्टै अगाडी बढाइनेछ ।
- मिगु बस्तीलाई जोड्ने सडक खण्ड निर्माण कार्य सुरु भइ सकेकोले समयमा नै सम्पन्न गरिनेछ । साथै अन्य बोलपत्र भई सम्झौता भएका योजनाहरुलाई छिटो पुर्णता दिईनेछ ।
- गाउँपालिका स्तरिय अन्य साना तथा मझौला खालका पुर्वाधार सम्झौता भएका योजनाहरु सम्पन्न भई सकेका छन भने आर्य आर्जनका योजनालाई पनि पुर्णता दिइसकेको छ ।
- गाउँपालिकाको केन्द्र देखि सबै वडाको केन्द्र जोड्ने सडक मध्ये वडा नं. ५ को जेरा बस्ती सम्म सडक जोडिएको छ भने वडा नं. १ को बर्कु देखि जिजुवा रुडी हुदै रुडी गाड सम्म सडक निर्माण भइसकेको र वडा नं. २ को बस्ती जोड्ने सडकलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाको एम्बुलेन्स खरिद गर्ने निर्णय भए बमोजिम खरिद भई सकेको र उक्त एम्बलेन्सले यस विषम परिस्थितिमा सेवा प्रवाह गर्दै आएको छ ।
- उत्पादित स्याउलाई प्रशोधन गर्न कृषि ज्ञान केन्द्रको सहयोग र साझेदारीमा स्याउ प्रशोधन केन्द्र स्थापना गरिनेछ ।
- सामुदायिक ह्याचरी उद्योगलाई निर्माण गरि छिट्टै प्रयोगमा ल्याईनेछ ।
- १५ सैया अस्पताल निर्माण कार्य यसै बर्ष भित्र सुरु गरिनेछ ।
- इलाका प्रहरी कार्यलयको भवन निर्माण कार्य यसै बर्ष सुरु गरिनेछ ।
- काम्ती नुने पानी बेलिब्रीज निर्माणका लागि संघ र प्रदेशमा रकम मागका लागि पहल भइरहेको छ ।

**अध्यक्ष महोदय,**

चालु आ.ब. ०७६।०७७ ले निर्दिष्ट गरेका विकासका महत्वपुर्ण सूचक मध्ये सडक, शिक्षा, स्वास्थ्य, पर्यटनमा केही आंशिक सुधार भएका छन भने आ.व. २०७७/०७८ मा पनि महत्वपुर्ण सुचकलाई निरन्तरता दिइनेछ ।

**अध्यक्ष महोदय,**

प्रत्येक स्थानीय तहको आर्थिक आम्दानी र राजश्व प्राप्ती उपलब्धिलाई पनि संघ र प्रदेश सरकारले रकम विनियोजनको आधार बनाएको हुन्छ । त्यसैलाई मध्ये नजर गदै हाम्रो गाउँपालिकाले पनि आम्दानीको स्रोत पहिचान गरी गत आ.व.०७६।०७७ को छोटो समय भित्र आन्तरिक आय २ करोड ८५ लाख ११ हजार ३ सय ४९ रुपैयाँ आम्दानी गरेका छौ ।

**अध्यक्ष महोदय,**

अब म चालु आर्थिक बर्ष २०७६।०७७ को आर्थिक स्थितिका बारे जानकारी गराउन अनुमती चाहान्छु ।

चालु आर्थिक बर्षमा बिनियोजन बित्तीय समानीकरण पुँजीगत तर्फ, राजश्व बाँडफाँड, चालु शिर्षक तर्फ, सर्शत अनुदान रकम समेत गरेर जम्मा ३५ करोड ९६ लाख १२ हजार रकम मध्ये हाल सम्म ७० प्रतिशत भुक्तानी भएको र सम्पुर्ण खर्चको विबरण असार मसान्त सम्म प्राप्त हुनेछ ।जस मध्ये २ करोड ३० लाख रकम राजश्व बाँडफाँड अनुदानबाट प्राप्त नभएको र १ करोड १२ लाख अल्या रकम बाट घटेको जानकारी गराउँछु । यस बर्षको बिभिन्न शीर्षकबाट प्राप्त आम्दानी हाल सम्म २ करोड ८५ लाख ११ हजार ३ सय ४९ रुपैयाँ रहेको छ । जसको विबरण अनुसूचीमा उल्लेख गरीएको छ । जस मध्ये २ करोड १७ लाख डोजरले काम गरको आम्दानीका रुपमा लिएको छ यसको आम्दानीलाई काम गरेको मूल्याकंनमा मापन गरिने भएकोले आगामी बजेटमा समावेश गरिने छैन । त्यसैले खुद नाफा अन्य स्रोतको ६८ लाख ११ हजार ३ सय ४९ रकम लाई आ.व. २०७७/०७८ को बजेटमा समावेश गरिनेछ ।

**अध्यक्ष महोदय,**

अब म आ.व.२०७७।०७८ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

- नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४, विभिन्न ऐन, नियामावली, कार्यविधि, निर्देशिकाले र्निदिश्ट गरेका मापदण्डको परिधीमा रहेर यस गाउँपालिका भित्र बसोबास गर्ने आम नागरीकको  कानुन बमोजिमको मौलिक हक अधिकार को संरक्षण हुने र उत्पादन बृद्धीमा प्रोत्साहान गरी आर्थिक जीवन स्थरमा सुधार ल्याउने उद्देश्य रहेको छ ।
- स्थानीय सरकार जनताको सबै भन्दा नजिकको सरकार भएकोले गाउँपालिकाका साना ठुला समग्र आर्थिक सुधार, गुणस्तरीय शिक्षा, स्वच्छ खानेपानी ,स्वस्थ स्वास्थ्य सेवामुलक प्रशासनिक संयन्त्र, जफावदेहीमुलक जनप्रतिनीधीत्व शुसासन, समानता, समाबेशी, सहकारीता र सह अस्थित्वको आधारमा आफ्ना कार्यक्रमलाई बजेट मार्फत अगाडी बढाईने छ ।
- सबै वर्ग जाती, लिङ्ग, धर्म संस्कृती र आधारभुत मौलिक हक अधिकार लाई सुनिश्चित गरिने उद्देश्य लिएका छौं ।
- यस आ.व २०७७।०७८ लाई कोभिड १९ रोकथाम, भौतिक पुर्वाधार विकास, आर्थिक विकास र सामाजिक विकासको गुणस्तीय सुधारको बर्षका रुपमा लिएका छौ । यसैका आधारमा  बजेट विनियोजन गरेको छु ।
- कोभिड १९ लगायत अन्य रोगहरुको संक्रमणबाट बच्नका लागि स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिई बजेट विनियोजन गरेको छु ।

- सडक संञ्जालमा नजोडीएका वडा केन्द्र लाई प्राथमीकता दिई बजेट विनीयोजन गरेको छु । साथै गाउँपालिकाले आबश्यकता गरे अनुरुप प्रदेश सरकाको कार्यक्रममा काटे पहडा देखी लामावडार सम्म सडकको कार्यक्रम समाबेश गरिनुका साथै सबै वडाका बस्तीहरुमा सडक संजाल जोड्ने कार्यका लागि आवश्यक रकम विनियोजन गरको छु ।
- कर्णाली नदीमा यातायात आवजात गर्नका लागी यसै बर्षमा फेरी संञ्चालन गर्ने उद्देश्य अनुरुप आवश्यक रकम विनियोजन गरेको छु ।
- बिद्युतीय क्षेत्रमा आत्मनिर्भर गाउँपालिका बनाउने उद्देश्य अनुरुप खाली खोला लघु जलबिद्युत, ढिकुरी लघु जलबिद्युतलाई यसै बर्ष भित्र सम्पन गर्ने गरी रकम बिनीयोजन गरेको छु भने जुड्डी लघु जल विद्युत आयोजनालाई मर्मत गर्न आवश्यक रकम विनियोजन गरेको छु । साथै घट्टे पाटा लघु जलबिद्युत योजनालाई प्रदेश सरकारको साझेदारीमा निर्माण कार्य अगाडी बढाइ सम्पन्न गरिनेछ ।
- खडेरी क्षेत्रको पहीचान बोकेको यस गाउँपालिका भित्रको वाई जीउलाको लिप्ट सिँचाई योजनालाई प्रदेश सरकारको लगानीमा कार्य सम्पन्न गर्ने व्यवस्था मिलाएको छु ।
- कृषि र भेटनरीमा आधारित भएर उत्पादन व्यवसायमा लाग्ने युवा, महिला कृषक उद्यमीलाई आवश्यक सहयोग गरीने छ निश्चित मापदण्ड बनाई उन्नत जातको स्याउ ओखर लगाएत अन्य फलफुलका बोटहरु ५० प्रतिशत सौलियत दरमा कृषकलाई वितरण गरिने छ ।
- तरकारी खेतिमा आत्मनिर्भर र ब्यबसायिक गाउँपालिका बनाउनका लागि व्यवसायिक उद्यमीलाई आवश्यक पुर्वाधारको क्षेत्रमा सहयोग गर्नका निम्ती रकम विनियोजन गरेको छु । साथै पाँच वटै वडामा कृषि फर्म स्थापनाका लागि रकम विनियोजन गरेको छु ।
- पाँच वटा वडामा नमुना स्याउ फर्म स्थापनाका लागि बोट बिरुवा सहयोग गर्ने व्यवस्था मिलाएको छु ।
- गाउँपालिका भित्र उत्पादन हुने रैथाने वालिको संरक्षण उत्पादन गर्ने र विउबैंक स्थापनाका लागि प्राथमिता दिदै आवश्यक रकमको व्यवस्था गरेको छु ।
- दलित, युवा, बालवालिका, महिला, जेष्ठ नागरीक अपाङ्ग असाय र विपन्नवर्गका नागरिकलाई शसक्तीकरण र आत्मनिर्भर हुने कार्यक्रम लागु हुने  गरी आवश्यक रकम विनियोजन गरेको छु ।
- गाउँपालिकामा लोभ हुदैगएको पञ्चेबाजालाई संरक्षण र संचालन गर्ने हेतुले सो पेशामा आबद्ध भएका ब्यक्तिहरुका लागि प्रयोग हुने पोशाकमा आबश्यक पर्ने रकमको व्यवस्था मिलाएको छु ।
- गाउँपालिका भित्र रहेका स्थायी खरे घरलाई विस्थापित गर्न आवश्यक पर्ने रकमको केन्द्र र प्रदेश सरकार सँग माग गरिनेछ ।
- विद्यालयलाई गुणस्तरीय प्रगति हाँशिल गर्नका लागि वातावरणिय शिक्षालय बनाईनेछ ।
- अस्थायी टिनका विद्यालयलाई विस्थापित गरी पक्की भवन हरु निर्माण गरिनेछ ।

- विद्यालयमा आबश्यक पर्ने शिक्षक दरबन्दीको अभाब रहेकाले शिक्षाको गुणस्तर सुधारका लागि गाउँपालिकामा स्वयम सेवक शिक्षक भर्ना गर्ने निति अनुरुप आबश्यक पर्ने रकमको व्यवस्था मिलाएको छु ।
- विद्यालयको पहुँच भन्दा टाढा रहेका बस्तीमा वालविकास केन्द्र संचालन गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- स्वास्थ्य संस्थाभन्दा टाढा रहेका बस्तीहरुमा प्रसुती गृह स्थापना गर्न आबश्यक रकमको व्यवस्थापन मिलाइने छ ।
- स्वास्थ्य संस्थालाई आवश्यक रकम विनियोजन गरेको छु ।
- प्रत्येक विद्यालयलाई पुर्ण सरसफाई युक्त विद्यालय बनाउनका लागि आवश्यक रकम व्यवस्थापन गरिनेछ ।
- यस गाउँपालिकाको मुख्य आम्दानिको स्रोतका रुपमा रहेको स्याउ तथा फलफुल ब्लक क्षेत्रमा सहज सडक यातायात पुऱ्याउनका लागि भैथान देखि घट्टेपाटा सम्मको कृषि सडकलाई यसै वर्ष भित्र निर्माण कार्य अगाढी बढाउनका लागि आबश्यक रकमको व्यवस्था मिलाएको छु ।
- आय स्रोतको मुख्य आधारमा रहेको पर्यटन र धार्मीक क्षेत्रलाई व्यवस्थीत गरिने छ ।
- कर्णाली जलयात्रा र महत्वपुर्ण धार्मीक क्षेत्रलाई आबश्यक पर्ने रकम व्यवस्था मिलाएको छु ।
- सामुदायिक वन, सार्वजनिक जग्गाहरुमा वृक्षारोपण गर्न विरुवा र आबश्यक रकमको ब्यबस्था मिलाएको छु ।
- विपद व्यवस्थापन र न्युनिकरणका लागि विपद कोष स्थापना भएको र सो कोषका लागि आबश्यक रकम विनियोजन गरेको छु । साथै विपद योजनाका निमित्तमा आवश्यक रकम विनियोजन गरेको छु ।
- सहज सुचना र संचारको पहुँच पुऱ्याउनका ईन्टरनेट र रेडियोको टावर जडान गर्नका लागि बजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिका भरीका बेरोजगार युवालाई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत विकास निर्माण कार्यमा लगाई रोजगारी दिने ब्यबस्था मिलाएको छु ।
- काम्ती कोटकाटिया छुदरी घट्टेपाटा झुलंगे पुल यसै वर्ष बाट संचालन गरिने छ ।
- गाउँपालिकामा बहुउद्देशीय सहकारी स्थापनाका गर्ने उदेश्यले आवश्यक रकम विनियोजन गरेको छु ।
- युवा उद्यमीको साझेदारीमा आवश्यक रकम विनियोजन गरेको छु ।
- उत्कृष्ठ व्यवसायी र उद्यमीलाई पुरस्कार र प्रमाण पत्र दिने व्यवस्था मिलाएको छु ।
- गाउँपालिकामा साझा पसल संचालनका स्थापनाका लागि साझेदारी आवश्यक पर्ने रकम को व्यवस्थापन गरको छु ।
- तोरी खेती गर्ने कृषकलाई विउ उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

- रैथाने बालीको प्रवर्द्धकान र विक्रि वितरण का लागि बिउ बैंक मार्फत कोसेली घर स्थापना गर्ने गरी आवश्यक व्यवस्था मिलाएको छु।
- "१० पाथी १ रैथाने बाली, सुरु गर्छौं यस पाली" भन्ने मुल नारा लाई मुक्त रुप दिनका लागि कृषि प्रविधि ५० प्रतिशत सहुलियत दरमा दिइने व्यवस्था मिलाएको छु।
- सरकारी, निजि र सहकारीको साझेदारीमा बाँजो जग्गा उपयोग गर्ने कृषक व्यवसायलाई अनुदान सहयोग गरिनेछ।
- "एक घर एक करेसाबारी" गर्ने उत्कृष्ट कृषकलाई अनुदान दिने व्यवस्था मिलाएको छु।
- जैविक मल उत्पादन र शत्रुजीप व्यवस्थापन र माटो परिक्षणका लागि आवश्यक रकम विनियोजन गरेको छु।
- जैतुन फर्म व्यवसायीलाई आवश्यक बोट बिरुवाको अनुदान दिइनेछ।
- घास नर्सरीका निम्तिमा आवश्यक पर्ने बिउ बिजन अनुदान दिने व्यवस्था मिलाएको छु।
- स्थापित ह्याचरीलाई संचालनमा ल्याउन आवश्यक रकमको व्यवस्था मिलाएको छु।
- भौतिक पूर्वाधार र शैक्षिक सामाग्री उपलब्ध गराउने व्यवस्था मिलाएको छु।
- गाउँपालिकामा स्वास्थ्य जाँचका लागि सुबिधा सम्पन्न ल्याब स्थापनाका लागि आवश्यक रकम विनियोजन गरेको छु।
- जडिबुटी नर्सरी स्थापनाका लगि आवश्यक पर्ने रकमको व्यवस्था मिलाएको छु।

**अध्यक्ष महोदय,**

यस गाउँपालिकामा संचालित अल्पकालिन र मध्यमकालिन समयमा पुरा गरिने योजनालाई परिलक्षित गरी दिगो विकासका योजना र कार्यक्रमलाई तीव्रताका साथ सम्पन्न गर्ने गरी बजेट विनियोजन गरेको छु। चालु आर्थिक वर्षको कार्यक्रममा सडक निर्माणमा तिव्रता र व्यवसायिक कृषि उत्पादनमा आधारित रोजगारी वृद्धि गरिने छ। साथै काभिड १९ ले स्वास्थ्य क्षेत्रमा ल्याएको जोखिम न्यूनिकरण गर्न र शिक्षा क्षेत्रमा सुधारमा केन्द्रित हुने गरि बजेट विनियोजन गरेको छु।

गाउँपालिकाको दिगो विकास र आर्थिक सम्बृद्धिका लागि ल्याइएका योजनाहरु समयमा कार्यान्वयन गर्न नीतिगत स्पस्टता कायम गरी कार्यन्वयन क्षमतामा वृद्धि गरिने छ। साथै गुणस्तरीय निर्माण कार्य गरी दोहोरो तेहेरो खर्चको अन्त्य गरिने छ।

**अध्यक्ष महोदय,**
अब म यस स्वामीकार्तिक खापर गाउँपालिकाको आय तथा व्ययको विबरण यस सभामा पेस गर्न चाहान्छु।

**आम्दानी तर्फ**
संघीय सरकार बाट प्राप्त वित्तिय समानिकरणमा रु.९ करोड, संघिय सरकार बाट सशर्त अनुदान रु.१४ करोड ३२ लाख, संघिय सरकारको राजश्व बाँडफाँडबाट प्राप्त रु. ५ करोड ८३ लाख ६४ हजार ६

सय, प्रदेश सरकारबाट समानिकरण अनुदान ७० लाख ७ हजार, प्रदेश सरकारको राजश्व बाँडफाँडबाट प्राप्त रु. ५ लाख ४२ हजार, संघीय सरकार समपुरक अनुदान पुँजीगत १ करोड ८४ लाख, विशेष अनुदान पुँजीगत २ करोड ४० लाख, प्रदेश सरकार समपुरक अनुदान पुँजिगत १ करोड २८ लाख, प्रदेश सरकार विशेष अनुदान ६८ लाख, गाउँपालिकाको आ.व. २०७६/०७७ को अन्दाजी आय रु.२ करोड ८५ लाख ११ हजार ३ सय रुपैयाँ हुने जस मध्ये २ करोड १७ लाख डोजरबाट को आय भए मध्ये २० लाख ६५ हजार ७ सय रुपैयाँ मात्र नगद आम्दानी रहनेछ बाँकी अन्य स्रोतबाट ६८ लाख ११ हजार ३ सय रुपैयाँ गरि जम्मा आन्तरिक श्रोत को आय ८८ लाख ७७ हजार रुपैयाँ हुने , गत वर्षको नगद मौज्दात अ.ल्या. रु. १ करोड ६३ लाख गरी जम्मा आय रु ३८ करोड ६२ लाख ९० हजार ६ सय रुपैयाँ अनुमान गरिएको मा सोही रकमको को परिधिभित्र रहि विभिन्न शिर्षकहरुमा रकम विनियोजन गरेको छु ।

## विनियोजन तर्फ

विनियोजन गरिएको रकम मध्ये राजश्व बाँडफाँटबाट प्राप्त रकम रु. ५ करोड ८९ लाख ६ हजार ६ सय रुपैयाँ चालु खर्च तर्फ विनियोजन गरेको छु । नेपाल सरकारबाट सशर्त अनुदान प्राप्त रु. १४ करोड ३२ लाख सोही शर्त बमोजिम खर्च हुने गरी सभामा पेश गरेको छु । संघ र प्रदेश सरकारको समपुरक अनुदान पूँजीगत जम्मा ३ करोड १२ लाख र विशेष अनुदान पुँजिगत जम्मा ३ करोड ८ लाख तोकिएका विकास योजनाका संचालनका खर्च गरिनेछ । विकास योजना संचालनका लागि पुँजीगत तर्फ रु. १२ करोड २१ लाख ८४ हजार रकम प्रस्ताव गरेको छु ।

यसरी गाउँपालिकामा संघ र प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँड, वित्तीय समानिकरण अनुदान, सर्शत अनुदान समपुरक र विशेष अनुदान र गाउँपालिकाको आन्तरिक स्रोत समेतको सम्पूर्ण रकमलाई तपशिल शिर्षकमा बिनियोजन गरेको छु ।

राजश्व बाँडफाँड चालु तर्फ  रु. ५ करोड ५९ लाख ६ हजार ६ सय
राजश्व बाँडफाँड पुँजिगत रु. ३० लाख
समानिकरण चालु तर्फ रु. २ करोड ४९ लाख ५७
समानिकरण पुँजिगत तर्फ रु. ९ करोड ७२ लाख २७ हजार
शर्सत चालु रु.१२ करोड १८ लाख १२ हजार
शर्सत पुँजिगत रु. २ करोड १३ लाख ८८ हजार
समपुरक र  विशेष संघ र प्रदेश सरकारको अनुदान) पुँजिगत रु. ६ करोड २० लाख

यस आ.व.मा सञ्चित कोषबाट जम्मा रु. ३८ करोड ६२ लाख ९० हजार ६ सय रुपैयाँ प्रस्ताव गरेको छु । सञ्चित कोषमा हाल समाबेश नभएको रकम सन्चीत कोषमा रहने अनुमान गरेको छु ।

साथै यस गाउँपालिकामा यस आ.व.मा कार्यक्रम संचालन गर्ने गरी बहुक्षेत्रीय पोषण कार्यक्रम ,जलस्रोत व्यवस्थापन परियोजनाका कार्यक्रम साथै ग्रामिण सामुदायिक पुर्वाधार कार्यक्रम समेत स्वीकृतिका लागि यस सम्मानित सभामा पेश गर्दछु ।

**अध्यक्ष महोदय,**

अव म प्रस्ताव गरिएका कार्यक्रम र बजेटको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहान्छु ।

## १. भौतिक पुर्वाधार विकास तर्फ जम्मा रु. ६ करोड ७१ लाख

जस अर्न्तगत निम्न शिर्षक लागि बजेटको विनियोजन गरेको छु ।

### क. स्थानीय सडक तथा यातायात रु. १ करोड ६७ लाख

- निर्माणाधिन सडक खण्ड रु. ३० लाख
- मोटर साइकल खरिद रु. १९ लाख
- फेरी निर्माण रु. ५२ लाख
- कृर्षि सडक निर्माण रु. १० लाख
- वडा नं. १ को सडक निर्माण रु.२० लाख
  - काम्ती देखि बर्कु
  - बर्कु देखि जोरु
  - पिपलचौतारा देखि मुग्राह
  - खोला देखि इलिजार
- वडा नं. ३ को कृषि बाटो रु. ६ लाख
  - जुनढुङ्गा जुकुलो
- सडक समपुरक रु. ३० लाख

### ख. विद्युत तथा बैकल्पिक उर्जा रु. १ करोड ७९ लाख

- ढिकुरी कुलो लघु तथा जल विद्युत योजना रु. ६७ लाख
- जुड्डी लघु जल विद्युत मर्मत रु. ३० लाख
- विद्युत विस्तार रु. ५ लाख
- विद्युत सामाग्री खरिद रु. ५ लाख
- खाली खोला लघु जल विद्युत योजना रु. १० लाख वडा नं. ५
- मिगु पेल्टी सेट रु. ८ लाख वडा नं. ५
- समपुरक रु. ५४ लाख

**ग. भवन आवास तथा सहरी विकास रु.२ करोड ५५ लाख**

- गाउँपाीलका भवन निर्माण रु. १ करोड ५० लाख
- वडा कार्यालय भवन निर्माण रु. ९० लाख (वडा नं. १, २, ४)
- अधुरा भवन निर्माण रु.१५ लाख

**घ. पुननिर्माण रु. ५० लाख**

- मर्मत सम्भार कोष रु. ५० लाख

**ङ. सुचना तथा प्रविधि रु. २० लाख**

## २. <u>आर्थिक विकास तर्फ रु. १ करोड ९७ लाख</u>

आर्थिक विकासका विभिन्न क्षेत्रमा बजेट बिनियोजन गरेको छु ।

**क. कृषि रु. ८० लाख**

- बहुउद्देशीय नर्सरी रु. १० लाख
- कृषि साझेदारी फर्म स्थापना रु. २५ लाख ( ५ वटै वडा )
- फलफुल विरुवा खरिद रु. ५ लाख
- विउ विजन खरिद रु. १० लाख
- एक घर एक करेसाबारी रु. ५ लाख
- कृषि औजार खरिद रु. ५ लाख
- मसाला उद्योग स्थापना रु. ५ लाख
- विविध रु. १५ लाख

**ख. जलस्रोत तथा सिंचाई रु. ६७ लाख**

- मुसेकाट्टा सिँचाई कुलो निर्माण योजना रु. १० लाख (वडा नं. २)
- राठु सिँचाई कुलो निर्माण योजना रु. १ लाख (वडा नं. २)
- खाँग्रे खोला सिँचाई कुलो निर्माण योजना रु. ५ लाख (वडा नं. ५)
- चौथाक धुपिरुख सिँचाई कुलो निर्माण योजना रु. ५ लाख (वडा नं. ३)

- घटेखोला देखि टंकी सिँचाई कुलो निर्माण योजना रु. २ लाख ५० हजार (वडा नं. ४)
- देउजाली देखी टंकी सिँचाई कुलो निर्माण योजना रु. २ लाख ५० हजार (वडा नं. ४)
- छापुजिउलो सिँचाई कुलो निर्माण योजना रु. ४ लाख ५० हजार (वडा नं. २)
- लाम्बाडा कुलो मुहान मर्मत रु. ३ लाख
- घियासाड सिँचाई टंकी रु. २ लाख ५० हजार
- तल्लो पुडेनी सिँचाई कुलो मर्मत रु. ३ लाख
- विविध रु. ८ लाख
- सिँचाई समपुरक रु.२० लाख

**ग. पशुपालन रु. २० लाख**

- पशुपन्छी कृतिम गर्भधारण रु. २ लाख (वडा नं. १)
- औषधी खरिद रु. १० लाख
- विविध रु. ८ लाख

**घ. पर्यटन रु. ५ लाख**

**ङ. उद्योग रु. २० लाख**

- उद्योग संचालन रु. ५ लाख
- विविध रु. १५ लाख

**च. वन रु. ५ लाख**

- बृक्षारोपण रु. २ लाख
- विविध रु. ३ लाख

## ३. सामाजिक विकास तर्फ रु. ३ करोड १ लाख ७७ हजार

सामाजिक विकासका विभिन्न क्षेत्रमा बजेट बिनियोजन गरेको छु ।

**क. शिक्षा रु. १ करोड ९ लाख ७७ हजार**

- विविध रु. ७२ लाख
- विद्यालय सामाग्री खरिद रु. २८ लाख ७७ हजार
- गुरुकुललाई सहयोग रु. २ लाख
- इ.सि.डि. कक्षा संचालन रु. ६ लाख
- विद्यार्थी प्रोत्साहन तथा छात्रवृति रु. १ लाख

**ख. स्वास्थ्य रु. ३० लाख**

- औषधी खरिद रु. १० लाख
- वृदसँग विरही कार्यक्रम रु. ५ लाख
- विविध रु. १० लाख

**ग. खानेपानी तथा सरसफाई रु. १ करोड ४२ लाख**

- पुडेनी खानेपानी मर्मत रु. ३ लाख  (वडा नं. २)
- पेउका धारा मर्मत रु. ३ लाख  (वडा नं. २)
- लुवारवाडा खानेपानी योजना रु. १५ लाख  (वडा नं. ३)
- लोथी खानेपानी योजना रु. १ लाख ५० हजार  (वडा नं. ३)
- सियालधारा खानेपानी योजना रु. ४ लाख ५० हजार (वडा नं. ४)
- तुसारे खानेपानी योजना रु. ३३ लाख
- गोठेओडार खानेपानी योजना रु. २२ लाख
- रल्के खानेपानी योजना रु. १५ लाख
- बालुवा खानेपानी टंकी रु. १ लाख ५० हजार
- फयालगाउँ खानेपानी योजना रु. ३ लाख ५० हजार
- विविध रु. ५ लाख
- फोहरमैला व्यवस्थापन रु. ५ लाख
- खानेपानी साझेदारी समपुरक रु.२० लाख
- चिसापानी ठोटा दालुवाचौर खानेपानी निर्माण योजना रु. १० लाख

**घ. युवा तथा खेलकुद  रु. ५ लाख**

**ङ. लैंगिक समानता तथा सामाजिक समावेशीकरण  रु. १० लाख**

**ङ .धार्मिक, भाषा तथा संस्कृति प्रवर्द्धन १० लाख**

- मष्टामाडु रु. २ लाख ५० हजार  (वडा नं. ४)
- वडाल्पी माडु रु. १ लाख ५० हजार  (वडा नं. ३)
- विविध रु. ६ लाख

## ४. संस्थागत विकास तथा सुशासन तर्फ रु. १० लाख

**क. सुशासन प्रवर्द्धन र गरिवी निवारण रु. ५ लाख**

**ख. विविध रु. ५ लाख**

## ५. वातावरण तथा बिपद व्यवस्थापन तर्फ रु. ४२ लाख ७ हजार

**क. वातावरण संरक्षण तथा जलवायु २ लाख**
**ख. विपद व्यवस्थापन कोष रु. ४० लाख ७ हजार**

**अध्यक्ष महोदय,**
आ.व. २०७७।०७८ को वजेट तथा कार्यक्रममा समावेश गर्न नसकिएका कार्यक्रमहरु आगामी आ.व.को वजेट तथा कार्यक्रमहरुमा समावेश गर्दै जाने तथा यहाँको श्रोत साधनले निर्माण गर्न नसकिने ठुला विकास आयोजनाहरु केन्द्रिय र प्रदेश सरकार संग माग गर्ने गरी पठाउने व्यवस्था मिलाएको छु ।
ती योजनाहरु देहाय बमोजिम छन:

- कर्णाली नदिमा बेलिब्रीज निर्माणका लागि आवश्यक पर्ने रकम केन्द्रिय र प्रदेश सरकारसँग माग गर्ने ।
- गाउँपालीकाका पर्यटकीय क्षेत्रको विकास तथा प्रवर्द्धन गर्न केन्द्रीय सरकार सँग माग गर्ने ।
- माध्यमिक र आधारभुत विद्यालयका भवनहरु निर्माणका लागि माग गर्ने ।
- गाउँपालिकाको भवन निर्माणका लागी केन्द्रमा माग गर्ने ।
- गाउँपालिकामा कवर्डहल निमार्णका लागि केन्द्र तथा प्रदेश सरकार लाई माग गर्ने ।
- उद्योग ग्राम स्थापनाका लागि केन्द्रिय सरकार सँग माग गर्ने ।
- गाउँपालिकाका सम्पुर्ण वडाका सडक निर्माणका लागि केन्द्रिय तथा प्रदेश सरकार माग गर्ने ।
- वडा कार्यालयका भवन निर्माणका लागि केन्द्रिय तथा प्रदेश सरकार माग गर्ने ।

**अन्त्यमा**

यो बजेट तथा कार्यक्रमको पूर्ण कार्यान्वयन भई सम्वृद्ध र सक्षम गाउँपालिका निर्माणमा सहयोग पुग्नेछ भन्ने आशा लिएको छु । साथै यस आ.व.मा समावेश गर्न नसकिएका योजनाहरुलाई अर्को आ.व.मा समावेश गरिनेछन । यसका लागि यहाँहरुको सहयोग र समन्वयको आवश्यक छ । यो वजेट निर्माण गर्ने क्रममा सहयोग गर्नु हुने विभिन्न समितिका पदाधिकारीहरु, कर्मचारीहरु तथा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सम्पुर्ण महानुभावहरुमा हार्दिक धन्यवाद दिन चाहान्छु ।

धन्यवाद ।

**प्रमाणित गर्ने**
**चिरन्जीवी शाही**
**अध्यक्ष**